तादी गाउँपालिकाको

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण

प्रतिवेदन

मन्तव्य

संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनी संकल्प गरिएको साथै महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसैगरी संविधानमा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदानगर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा पनि जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ । यसैगरी गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकारमा पनि योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

उपरोक्त बमोजिमका संविधान तथा अन्य विद्यमान कानूनद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा स्थानीय सरकारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक देखिएकाले गाउँपालिकाले यी विषयहरुमा के कसरी कार्य सम्पादन गरि रहेको छ भनी लेखाजोखा गर्न यो लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गरिएको हो ।

तादी गाउँपालिकाको लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७६ बमोजिम गरिएको यस लैगिंक समानता तथा समाजिक समावेशिकरण परीक्षणको नतिजाका आधारमा सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरुलाई पनि विस्तृत रुपमा प्रस्तुत गरिएको छ। यिनै विश्लेषणका आधारमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै आगामी दिनमा समावेशीताको क्षेत्रमा अझ बढी प्रभावकारी काम गर्ने उद्देश्यले कार्ययोजना समेत तयार गरिएको छ। प्रस्तुत विस्तृत कार्य योजना कार्यान्वयनको दायित्व तथा जिम्मेवारी समेत तोएिको सन्दर्भमा यसको कार्यान्वयनका लागि सम्बद्ध सबैलाई अनुरोध गर्दै आगामी दिनमा यस गाउँपालिकाले लैगिंक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा उल्लेख्य कार्य सकोस भन्ने अपेक्षा राख्दछु ।

धन्यवाद ।

२०७६ फाल्गुण

नारायण प्रसाद पाण्डे

अध्यक्ष

विषय सूची

१. पृष्ठभूमि १
२. अध्ययनको महत्व २
३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु ३
४. अध्ययनका क्षेत्रहरु ३
५. अध्ययनको तरीका र विधि ४
६. सहभागिहरु ६
७.. विश्लेषणका औजारहरु ६
८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु ६
९. लैससास बजेट परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था १०
    ९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक
    ९.२ माकुरे जालो
१०. सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु ११
११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना १५
१२. निष्कर्ष १८
१३. सुझाव १८

अनुसूचीहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचक २०
- लैंगिक परक्षिण कार्यक्रमका केही झलकहरु २८
- सहभागी नामावली ३१

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन

१. पृष्ठभूमि

वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनी नेपालको संविधानको प्रस्तावनामा संकल्प गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हक, महिला, वालवालिका, दलित आदीको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संविधानमा व्यवस्था गरिएको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

संविधानमा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदानगर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि

व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

संविधान तथा अन्य विद्यमान कानूनद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक देखिएकाले गाउँ पालिकाले यी विषयहरुमा के कसरी कार्य सम्पादन गरि रहेको छ भनी लेखाजोखा गर्न यो लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गरिएको हो ।

२. अध्ययनको महत्व

यस अध्ययनको महत्वलाई निम्न बमोजिम उल्लेख गरिएको छ :

- संविधाको प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई साकार पार्नका लागि स्थानीय सरकारले लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको सामाजिक, आर्थिक र सांस्कृति उत्थानका लागि विगतमा गरेका क्रियाकपाहरुको लेखाजोखा हुनेछ ।
- लैंङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूँल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई लैंङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ । साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैंङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ ।
- स्थानीय तहहरु राज्यको शासन व्यवस्थाको विकेन्द्रित स्थानीय स्वायत्त संरचना भएकाले यस परीक्षणले गाउँपालिकाभित्र बसोबास गर्ने सबै जातजातिमा विकासको प्रतिफल पुऱ्याउने कार्यमा गाउँपालिकालाई मार्गदर्शन गर्दछ ।
- स्थानीय तहको गहन जिम्मेवारीलाई बहन गर्न संस्था आफै लैङ्गिक दृष्टिकोणबाट सक्षम हुन आवश्यक छ । संस्थाको कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गिक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैससास परीक्षण आवश्यक रहेकोले यो अध्ययन गरिएको हो ।
- संविधानको धारा १८ मा उल्लेख भएको "सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनीक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष

व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था अनुरुप यी वर्गहरुको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएर आफ्नो क्षेत्रको विकासका लागि स्रोत र साधनहरुको परिचालन र बाँडफाँडद्धारा सामाजिक समानता ल्याउने कार्यमा सहयोग पुग्नेछ ।

- यस परीक्षणबाट कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैङ्गिक दृष्टिकोणबाट तय गर्न तथा तद अनुरुप बजेट विनियोजन गर्न सघाउ समेत पुऱ्याउदछ ।

३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु

यस कार्यविधिको मुख्य उद्देश्य ***लैससास*** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

(क) लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा ***लैससास*** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

४. अध्ययनका क्षेत्रहरु

संविधानको धारा १८ मा व्यवस्था भएको समानताको हक अन्तर्गत "सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनीक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था बमोजिम यस गाउँ पालिकाले ती वर्गका हितका लागि विगतमा गरेका गतिविधिहरुको यस कार्यविधिमा तोकिएका सूचकहरुको अधिनमा रही परीक्षण वा लेखाजोखा गर्नेकार्य यस अध्ययनको कार्यक्षेत्रमा पर्दछ ।

यसैगरी गाउँपालिकामा आफ्नो कार्यक्षेत्र बनाई सामाजिक क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरु संचालन गर्ने विकास साझेदारहरु जस्तै संघीय सरकार, प्रदेश सरकार, अन्तर्राष्ट्रिय गैसस, गैसस तथा सामाजिक संस्थाहरुले यस क्षेत्रमा गरेका क्रियाकलापहरुको मापन गर्नेकार्य समेत यस मापनको कार्यक्षेभित्र पर्दछ ।

५. अध्ययनको तरीका र विधि

कार्यदल गठन : यस परीक्षण प्रयोजनका लागि तादी गाउँपालिकाले मिति ०७६।११।४ गते उपाध्यक्षज्यूको संयोजकत्वमा, दुई जान वडा अध्यक्ष, २ जना कार्यपालिका महिला सदस्य, २ जना शाखा प्रमुख, योजना सल्लाहाकार र ईन्जिनियर सहितको कार्यदल गठन गरी लैससास लेखाजोखाका प्रारम्भिक कार्यहरु गर्न कार्यादेश दिएको थियो ।

दस्तावेज अध्ययन : कार्यदल गठन पूर्व नै लैससास परीक्षण सम्बन्धी तालिम लिएका योजना सल्लाहाकार, महिला तथा बालबालिका शाखा प्रमुख र ईन्जिनियरको समूहले हालसम्म जारी भएका कानून तथा प्रतिवेदनहरु अध्ययन गर्ने कार्य शुरु गरिरकेको थियो ।

लक्षित समूह छलफल : लैससास कार्यविधि तथा सूचकहरुमा आधारित प्रश्नहरुलाई मध्यनजर राखी गाउँपालिकाको वडा नं. ३ बुदुने वस्तीमा भुकम्पबाट विस्थापित भई एकीकृत वस्तीमा रहेका तामाङ समुदायसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो । जसमा करीब ३० जना सहभागी (२२ महिला) हरुलाई सोधिएका प्रश्नहरुको उत्तर मिश्रित रुपमा प्राप्त भएको थियो ।

प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता : यसका लागि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, ३ जना वडा अध्यक्ष, २ जना कार्यपालिकाका महिला सदस्य र २ जना नागरिक समाजका अगुवाहरुसँग अनौपचारिक अन्तरवार्ता गरिएको थियो ।

सूचकहरुको लेखाजोखा : मिति २०७६ फाल्गुण ७ गते कार्यदलबाट मापन गरिएको सूचकहरुको लेखाजोखा कार्यपालिकाका सदस्यहरु र कर्मचरीहरुको बैठकमा प्रस्तुत गरिएको थियो । उक्त लेखाजोखा प्रतिवेदन उपर छलफल हुँदा कार्यदलले तयार गरेको प्रतिवेदनका आधारमा कार्य योजना बनाउने कार्यादेश प्राप्त भएको थियो ।

माकुरीजालो विश्लेषण : सूचकहरुको लेखाजोखा प्रतिवेदन प्रस्तुत गर्दाकै अवस्थामा माकुरीजालो विश्लेषण सम्बन्धी छलफल भएको थियो ।

सवल पक्ष र कमजोर पक्षको विश्लेषण : सूचकहरुको लेखाजोखा र माकुरीजालो विश्लेषण पश्चात सवल पक्ष र कमजोर पक्षको विश्लेषण सहित आगामी कार्य योजना बनाउन कार्यदललाई निर्देशन भएको थियो ।

कार्य योजना तयार : लैससास परीक्षण कार्यदलको मिति ०७६ फाल्गुण २० गतेको बैठकले लैंगिक तथा सामाजिक समावेशी विकास कार्य योजना तयार गरी गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको थियो ।

६. सहभागिहरु

लैससास परीक्षणका लागि गठित कार्य दलमा उपाध्यक्ष, २ जना वडा अध्यक्ष, २ जना कार्यपालिका सदस्य (महिला), २ जना शाखा प्रमुख र २ जना पूणिमा कर्मचारी संलग्न भएका थिए । सूचक लेखाजोखा प्रतिवेदन प्रस्तुति बैठकमा कार्यपालिकाका सदस्यहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो । लक्षित समूह छलफलमा समुदायका महिला र पुरुष गरी करीब २२ जनाको सहभागिता रहेको थियो । (सहभागीहरुको विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ)

७.. विश्लेषणका औजारहरु

यस तादी गाउँपालिकाको लैससास परीक्षण गर्दा निम्न बमोजिमका विश्लेषणका औजारहरु प्रयोग गरिएको थियो :

(क) लक्षित समुह छलफल (Focus Group Discussion)

लैससास कार्यविधि तथा सूचकहरुमा आधारित प्रश्नहरुलाई मध्यनजर राखी गाउँपालिकाको वडा नं. ३ बुदुने वस्तीमा भुकम्पबाट विस्थापित भई एकीकृत वस्तीमा रहेका तामाङ समुदायसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो । जसमा करीब ३० जना सहभागी (२२ महिला) हरुलाई सोधिएका प्रश्नहरुको उत्तर मिश्रित रुपमा प्राप्त भएको थियो । अधिकांश सहभागीहरुले स्थानीय तहको काम कारवाही प्रक्रिया बुझेको बताएका थिए भए भए केही महिलाहरुको अनुहारमा अनभिज्ञताको झल्को देखिन्थ्यो । यसै गरी लैंगिक विषय भनेर नबुझेता पनि महिलाको अधिकारका बारेमा उनीहरु स्पष्ट भएको जानकारी पाइयो । उपभोक्ता समितिमा महिलाहरुको पनि सहभागिता रहने कुरामा समान बुझाई पाइएता पनि त्यस बस्तीबाट हालसम्म १ जना महिलामात्र उपभोक्ता समितिमा बसेको उदाहरण देखियो ।

(ख) प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता (Key Informants Interview Focused on GESI Specific Areas)

यसका लागि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, ३ जना वडा अध्यक्ष, २ जना कार्यपालिकाका महिला सदस्य र २ जना नागरिक समाजका अगुवाहरुसँग अनौपचारिक अन्तरवार्ता गरिएको थियो । सबै अन्तरवार्ताकारहरु लैंगिक समानता तथा समाजिक समावेशीकरण विषयमा आफूहरु जानकार रहेको

पाइयो । पदाधिकारीहरुले योजना तथा बजेट तर्जुमा गर्दा लैससास मैत्री बजेट तर्जुमा गरेको जिकिर गरिरहँदा नागरिक समाजका अगुवाहरुले भने यसको आधार बढाउनु पर्ने सुझाव दिएका थिए ।

(ग) लैससास परीक्षण कार्यशाला (लैससास सूचकहरुको विश्लेषण)

मिति २०७६ फाल्गुण ७ गते गाउँपालिकाका अध्यक्ष समेतको उपस्थितिमा कार्यपालिकाका सदस्यहरु र कर्मचारीहरुको बैठकमा लैससार अवधारणा, महत्वका बारेमा सामान्य जानकारी गराउँदै कार्यदलबाट तयार गरिएको सुचकहरुको विश्लेषण नतिजा र माकुरी जालो प्रस्तुत गरिएको थियो । प्रस्तुत नतिजा उपर गहन छलफल भई सोही बमोजिम कार्य योजना बनाउन कार्यदललाई निर्देशन दिइएको थियो ।

(घ) सवल पक्ष र सुधार गर्नु पर्ने कुराहरुको विश्लेषण (SWOT Analysis)

सूचकहरुको विश्लेषण नतिजा एवं माकुरीजालोका आधारमा सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरुका बारेमा छलफल भएको थियो भने यस विश्लेषणका प्राप्तिका बारेमा पनि अभिलेखीकरण गरिएको थियो ।

८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

मुख्य सुचक	प्रमुख प्राप्तिहरू
१ गाँउालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण	
क	समावेशी सहभागितालाई अनुशरण गर्नु पर्ने भावना श्रृजना भएको ।
ख	कानून तथा नीति तर्जुमा गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको समेत सुझाव लिनु पर्ने कुराको बोध ।
ग	स्वीकृत कानून तथा नीतिहरुबारे समान बुझाई हुनु पर्ने विषयमा एकमत ।
घ	स्वीकृत कानून तथा नीतिहरु सार्वजनिक गर्नु पर्ने भन्ने जानकारी ।
ङ	लैससास नीति तर्जुमा गर्नु पर्ने विषयमा एमकता ।
च	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह लक्षित नीति, निर्देशिका बनाई कार्यान्वयन गर्दा उनीहरुको आर्थिक तथा सामाजिकस्तर बृद्धि हुने सम्बन्धमा समान बुझाई ।
छ	नीति बनाई लागू गरेमा मात्र सबै प्रकारका विभेद तथा दुर्व्यवहार रोक्न सकिने बुझाई ।
२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा	
क	आवधिक योजनाको उद्देश्य, रणनीति तथा नीतिमा उल्लेख भए बमोजिमका क्रियाकलापहरु संचालन गरे मात्र लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको आर्थिक तथा सामाजिक हैसियतमा सुधार ल्याउने सम्बन्धमा समान बुझाई रहेको ।

मुख्य सुचक	प्रमुख प्राप्तिहरू
ख	आवधिक तथा क्षेत्रगत योजना तर्जुमा गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको अवस्था विश्लेषण गरेर मात्र योजना तर्जुमा गर्दा उनीहरुका हैसियतमा सुधार ल्याउन सकिने कुराको जानकारी भएको ।
ग	आवधिक, क्षेत्रगत तथा लैससास नीति अनुरुप वार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्ने भन्ने विषयमा एकमत रहेको ।
घ	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको हीतका लागि लैंगिक बजेट तर्जुमा गर्नु पर्ने कुराको जानकारी ।
ङ	कानूनले तोके बमोजिम सबै वर्गको उपस्थितिमा वस्तीस्तरको योजना तर्जुमा गर्नु पर्ने विषयको जानकारी ।
च	वार्षिक बजेट तर्जुमा गदौ लैससास मैत्री हुनु पर्ने विषयमा एकमत ।
छ	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहका लागि विशेष कार्यक्रम ल्याउनु पर्ने विषयमा एकमत ।
३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन	
क	अनिवार्य रुपमा आम भेला मार्फत मात्र उपभोक्ता समिति गठन गर्नु पर्ने विषयमा एकमत ।
ख	उपभोक्ता समितिमा तोकिए बमोजिम महिलाको सहभागिताको सम्बन्धमा पुर्नताजगी भएको ।
ग	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहबाट पनि उपभोक्ता समितिमा प्रतिनिधित्व गराउनु पर्ने कुराको बोध ।
घ	अनुगमन सूचक बनाई योजना अनुगमन गर्दा नतिजामूलक हुने कुराको बोध ।
ङ	गत आ.व.मा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहका लागि विनियोजित बजेट खर्च भए नभएको यकीन जानकारी ।
च	योजना अनुगमन गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहलाई पुगेको लाभ, असर र प्रभावको समेत विश्लेषण गर्दा मात्र उनीहरुले पाएको प्रतिफलको मापन हुने कुराको जानकारी ।
छ	नियमित रुपमा सरोकारवालाहरुबीच लैससास सम्बन्धी छलफल, सिकाई आदानप्रदान गरी तद अनुरुप योजना वा नीति निर्माण गर्नु पर्ने कुराको महशुस भएको ।
४ आन्तरिक संरचना	
क	न्यायिक समिति र मेलमिलाप केन्द्रमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको अर्थपूर्ण प्रतिनिधित्व रहेको जानकारी ।
ख	न्यायिक समिति र मेलमिलाप केन्द्रमा व्यवस्थित रुपमा तथ्याँक राखिएको जानकारी ।

मुख्य सुचक	प्रमुख प्राप्तिहरू
ग	गापाले गठान गरेका समिति, उपसमिति र कार्यदलमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको प्रतिनिधित्व रहने गरेको जानकारी ।
घ	लैससास सम्पर्क व्यक्ति तोकिएको जानकारी ।
ङ	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह लक्षित छात्रवृत्ति कोष भएको र अन्य कोषहरु स्थापना गरी उनीहरुको हक हीतका लागि कार्यक्रम गर्नु पर्ने बोध भएको ।
च	सार्वजनिक सरोकारका विषयहरु जस्तै बालबालिका हराएमा वा भेटिएमा, महिला हिँसाको घटना घटेमा जस्ता विषयमा जानकारी वा उजुरी दिने टोल फ्रि नम्बरहरु रहेको जानकारी ।
छ	गापाले समुदायमा आधारित संघ संस्थाहरु जस्तै बाल क्लब, टोल सुधार समिति, आमा समूह आदी लाई दर्ता गर्ने कानून तय गरी यी संस्थाहरुलाई क्रियाशील बनाउनु पर्ने रहेछ भन्ने कुरामा एकमत ।
५ क्षमता विकास	
क	गापाको संस्थागत स्वमूल्याँकन भई कार्य योजना समेत बनेको र उक्त कार्य योजना अनुरुप तोकिएका कार्यहरु सम्पादन गर्नमा सबैले सहयोग गर्ने कुरामा एकमत ।
ख	क्षमता विकासका कार्यहरु संचालन गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह हरुको आवश्यकता पहिचानका आधारमा गर्नु पर्ने कुराको जानकारी ।
ग	रोजगाद बृद्धि र बैदेशिक रोजगारीमा जानेहरुका लागि क्षमता विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने विषयमा एकमत ।
घ	तालिम प्राप्त व्यक्तिहरुलाई उपयोग गरी अन्य व्यक्तिहरुलाई पनि तालिम दिई स्वरोजगार बनाउने खालका कार्यक्रम तर्जुमा गर्नु पर्ने जानकारी ।
ङ	गापाले आयोजना गर्ने क्षमता विकासका कार्यक्रमहरुमा लैससास सम्बन्धी छुट्टै कक्षा थप गरी कार्यक्रम संचालन गर्नु पर्ने कुराको जानकारी ।
च	महिलाहरुका लागि लोक सेवा आयोग लगायत पश, कृषि, स्वास्थ्य तथा पूर्वाधार प्राविधिक विषयमा पनि बजेट विनियोजन गरी तालिम दिनु पर्ने कुरामा एकमत ।
छ	लैससास विकासमा लागि संघ, प्रदेश तथा जिल्लास्तरका निकायहरुसँग समन्वय गर्नु पर्ने कुरामा एकमत ।
६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता	
क	नेपाल सरकारले अन्तराष्ट्रिस्तरमा गरेका प्रतिवद्धताहरु जस्तै बेजिङ घोषणा पत्र, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धीबाट पारित निर्णयहरुका सम्बन्धी जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई जानकारी भई सो अनुरुप कार्य योजना बनाउने विषयमा एकमत ।
ख	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुका लागि दीगा विकास लक्ष्य हासिल गर्ने खालका कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने जानकारी ।

मुख्य सुचक	प्रमुख प्राप्तिहरू
ग	महिला विरुद्ध हुने सबै खालका हिँसा निर्मूल पार्न अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुपका क्रियाकपाहरुका लागि बजेट विनियोजन गर्नु पर्ने जानकारी ।
घ	महिला विरुद्ध हुने सबै खालका हिँसा निर्मूल गर्न ठोस कार्यक्रम ल्याउनु पर्ने जानकारी ।
ङ	महिला शशक्तिकरणका लागि विभिन्न दिवस तथा अभियानहरु जस्तै महिला दिवस, किशोरी दिवस, महिला हिँसा विरुद्धको १६ दिने अभियान जस्ता कार्यक्रमलाई निरन्तरता दिनु पर्ने बुझाई ।
च	राष्ट्रसंघीय बाल अधिकार महासन्धीमा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि स्थानीय स्तरमा हुने कार्यका लागि बजेट विनियोजन गर्नु पर्ने ।
छ	जातीय विभेद र छुवाछुत जस्ता समाजिक, सांस्कृति र धार्मिक कुरीती अन्त्यका लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने जानकारी ।
७ सेवा प्रवाह र सस्थागत सस्कृति	
क	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको तथ्याँक अद्यावधिक गर्दै जानु पर्ने विषयमा एकमत ।
ख	गत आ.व. मा जस्तै लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह लक्षित घुम्ति शीविरहरुलाई निरन्तरता दिनु पर्ने ।
ग	अपाङ्गमैत्री संरचना र सेवाग्राही प्रतिक्षालय निर्माण गर्नु पर्ने महशुसीकरण भएको ।
घ	नयाँ बन्ने गापा भवनमा गर्भावस्थाका कर्मचारीलाई आरामा गर्ने र बच्चा भएका कर्मचारीहरुका लागि स्तनपान गराउने कक्षको व्यवस्था गर्ने कुरामा सहमत ।
ङ	बालश्रम, बाल विवाह, बहुविवाह, महिला हिँसा जस्ता कार्यलाई निरुत्साहित गर्ने विभिन्न अभियान चलाउन एकमत ।
च	महिला हिँसा विरुद्ध शुन्य सहनशीलता अपनाउनका लागि कानूनी व्यस्था गर्नु पर्ने विषयमा जानकारी ।
छ	लैससास मैत्री आचरण, भाषा, व्यवहार आदी प्रयोगका लागि नीतिगत व्यवस्था गर्नु पर्ने विषयमा बोध ।
८.सुशासन	
क	सबै प्रकारका सामाजिक जवाफदेहीताका औजारहरुको प्रयोग गर्नु पर्ने विषयमा एकमत ।
ख	सामाजिक जवाफदेहीताका कार्यक्रमहरुमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको उपस्थिति सुनिश्चित गर्नु पर्नेमा जानकारी ।
ग	सार्वजनिक सुनुवाई कार्यक्रममा बर्हिगमन अभिमत र नागरिक प्रतिवेदनपत्रको प्रयोग गर्ने कुरामा एकमत ।
घ	वेभ साइटमा आवश्यक सूचना भएको र अन्य थप सूचनाहरु पनि राख्नु पर्ने विषयमा एकमत ।

मुख्य सुचक	प्रमुख प्राप्तिहरू
ङ	सार्वजनिक चासोका निर्णयहरु सूचना पाटी तथा संचार माध्यम मार्फत सार्वजनिक गर्ने विषयमा एकमत ।
च	राम्रा अभ्यास, घटना आदीको प्रकाशन कार्यको शुरुवात गर्ने कुरामा सबैजना एकमत ।
छ	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको पहुँचका लागि सूचना, शिक्षा र संचार प्रवाह गर्नु पर्ने कुरामा एकमत ।

९. लैससास बजेट परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क
१	कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	७	१.५
२	लैससास विश्लेषणमा आधारित योजना तर्जुमा	७	३
३	योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन	७	४.५
४	आन्तरिक संरचना	७	३
५	क्षमता विकास	७	२.५
६	नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता	७	३
७	सेवा प्रवाह र संस्थागत संस्कृति	७	३
८	सुशासन	७	३

नोट : सूचक उपसूचक मापनको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

९.२ माकुरे जालो



१०. सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु

सबल पक्षहरू	सुधार गर्नुपर्ने पक्षहरू	अवसर	चुनौती
गापाले तर्जुमा गर्नु पर्ने कानूनहरु तयार गर्दा लैससार दृष्टिले आंशिक रुपमा सहभागिता हुने गरेको साथै स्वीकृत कानूनहरुका बारेमा सरोकारवालाहरुलाई जानकारी भई सार्वजनिक समेत हुने गरेको ।	कानून तर्जुमा गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको राय सुझाव लिनु पर्ने, लैससास नीति तर्जुमा गर्नु पर्ने, लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह लक्षित नीति, कार्यविधि तर्जुमा गर्नु पर्ने र सबै प्रकारका विभेद अन्त्य गर्ने नीति प्रतिपादन गर्नु पर्ने ।	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको राय सुझाव लिई आवश्यक कानून तर्जुमा गर्न सकिने वातावरण रहेको ।	लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी समान बुझाई नभएको ।

सबल पक्षहरू	सुधार गर्नुपर्ने पक्षहरू	अवसर	चुनौती
आवधिक योजनाको उद्देश्य, रणनीति तथा नीतिमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको हैसियतमा परिवर्तन ल्याउने कुरा आंशिक रुपमा उल्लेख भएको, खण्डिकृत तथ्याँक अनुसार आवश्यकता पहिचान हुने गरेको साथै आंशिक रुपमा बजेट विनियोजन समेत हुने गरेको ।	आवधिक, क्षेत्रगत, लैससास नीति अनुरुप वार्षिक योजना तर्जुमा हुनु पर्ने, लैंगिक उत्तरदायी बजेट तर्जुमाको सुरुवात गर्नु पर्ने साथै लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुका लागि विनियोजित बजेट रकम बृद्धि गर्नु पर्ने ।	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुका लागि आवधिक योजनामा उल्लेख भएको उद्देश्य, रणनीति र नीति अनुरुप कार्यक्रम तथा बजेट तर्जुमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियतमा सुधार ल्याउन सकिने ।	लैससासको मर्म प्रति समान बुझाई ल्याउन समय लाग्ने साथै आवश्यकता बमोजिम बजेट विनियोजन गर्न श्रोतको अभाव देखिएको ।
वडा सदस्यहरुको उपस्थितिमा उपभोक्ता समिति गठनका लागि आम भेला हुने गरेको, उभोसमा तोकिए बमोजिम महिला सहभागिता हुने गरेको, समिति गठन गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागिता आंशिक रुपमा हुने गरेको साथै गत आ.व.मा यी वर्गका लागि विनियोजित बजेट सबै खर्च भएको ।	योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागिता झल्कने सुचकहरु सहितको सुपरीवेक्षण तथा अनुगमन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।	सुपरीवेक्षण तथा अनुगमन सम्बन्धी कार्यविधि तय गरी प्रभावकारी अनुगमन कार्यको थालनी गर्न सकिने साथै लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागितामा समेत बृद्धि हुने ।	समाजका अगुवा वा उपल्लो वर्गका समूहले लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागितामा कम अवसर दिने
न्यायिक समिति तथा वडास्तरमा गठन हुने मेलमिलाप केन्द्रमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको प्रतिनिधित्व रहेको	बाल हेल्प लाइन, हिंसा सम्बन्धी उजुरी गर्ने जस्ता अन्य सरोकारका उजुरी गर्ने टोल फ्रि नम्बर सम्बन्धी जानकारी वा सूचना सरोकारवालाहरुमा यथेष्ट	न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट निष्पक्ष न्याय निरुपण गरी यी संस्था प्रति जनविश्वास	अझै पनि न्यायिक समिति तथा मेलमिलाप केन्द्र प्रति भरपर्दा विश्वास

सबल पक्षहरू	सुधार गर्नुपर्ने पक्षहरू	अवसर	चुनौती
साथै यी केन्द्रमा दर्ता भएका उजुरी तथा कारवाही किनारा सम्बन्धी तथ्याँक व्यवस्थित रुपमा राख्ने गरेको, लैससास सम्पर्क व्यक्ति भएको, लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुमध्ये छात्रवृत्ति कोष तयार भएको ।	मात्रामा प्रवाह हुनु पर्ने र गापाले कानून बनाई महिला समूह, आमा समूह, बालक्लब आदी जस्ता समुदायस्तरका संस्था दर्ता गर्ने व्यवस्था हुनु पर्ने ।	बढाउन सकिने साथै सार्वजनिक सरोकारका विषयहरुको सूचनामूलक जानकारी वस्तीस्तरमा पुर्याई सबै नागरिकहरुलाई सचेत बनाउन सकिने ।	सृजना हुन नसकेको ।
स्थानीय सरकारको संस्थागत स्वमूल्याँकन भई कार्य योजना तयार भएको, क्षमता विकास गतिविधिहरुमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागिता हुने गरेको, गापाबाट संचालन हुने क्षमता विकास सम्बन्धी तालिममा लैससार सम्बन्धी विषयमा समेत आंशिक रुपमा छलफल हुने गरेको ।	तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिर्वतन सम्बन्धी अध्ययन गरी उनीहरुबाट सेवा लिने परिपाटीको विकास हुनु पर्ने, महिलाहरुका लागि विशेष तालिम जस्तै लोक सेवा आयोग तयारी, कृषि प्राविधिक तालिम आदी जस्ता प्राविधिक विषयमा तालिम दिने कार्यको थालनी हुनु पर्ने ।	स्थानीय सरकारको संस्थागत स्वमूल्याँकन कार्य योजनाको पूर्ण कार्यान्वयन पश्चात गाउँपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तर बृद्धि भई जनताले सूशासनको प्रत्याभूति लिन पाउने ।	कार्य योजना कार्यान्वयन र महिलाहरुका लागि विशेष तालिम आयोजना गर्न श्रोत व्यवस्थापन गर्न कठिनाई ।
नेपाल सरकारका प्रतिवद्धता अनुरुप विभिन्न सन्धी सम्झौतामा उल्लेख भएका कार्यहरु आंशिक रुपमा हुने गरेका, महिला विरुद्ध हुने सबैखालका हिंसा निर्मूल पार्ने अभियान आंशिक रुपमा संचालन हुने गरेको, महिला शशक्तिकरणका लागि विभन्न दिवसहरु मनाई सो सम्बन्धी सकारात्मक सन्देह प्रवाह गर्ने गरेको ।	समाजमा विद्यमान जातीय विभेद र छुवाछुत हटाउन ठोस कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने, लैंगिक हिंसा न्यूनिकरणका लागि अझ बढी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने ।	महिला शशक्तिकरण सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनले महिला हिंसामा न्यूनिकरण हुने ।	सामाजिक रुपमा बहिष्कृत हुने डरले कतिपय हिंसाका घटनालाई आफैंमा दवाएर राख्ने प्रबृत्तिले गर्दा लैंगिक हिंसा पूर्ण रुपमा न्यूनिकरण गर्न चुनौती ।

सबल पक्षहरू	सुधार गर्नुपर्ने पक्षहरू	अवसर	चुनौती
लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको विवरण अद्यावधिक रहेको, ती वर्गहरुको हीतका लागि घुम्ती शिविरहरु संचालन भएका, गापा कार्यालयमा लैससासमैत्री भाषाको प्रयोग	गर्भवती र बच्चाका लागि विशेष व्यवस्था जस्तै : गर्भवती कर्मचारीलाई जोखिमयुक्त काममा नलगाउने साथै स्तनपानको लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्ने, लैंगिक हिंसा विरुद्ध शन्य शहनशीलता अपनाउने नीति तय गरी कार्यान्वयन गर्नु पर्ने ।	लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको नक्सांकन गरी उनीहरुको मागमा आधारित घुम्ती शिविर लगायत अन्य कार्यक्रम तर्जुमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियतमा बृद्धि ल्याउन सकिने ।	अपांग मैत्री पूर्वाधार तथा सेवाग्राहीका लागि बस्ने व्यवस्था आदीका लागि विद्यमान परिस्थितिमा श्रोत र साधनको अभावका कारणले यसले पूर्णता पाउन केही समय लाग्ने देखिन्छ ।
सार्वजनिक परीक्षण हुने गरेको, लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागितामा सामाजिक जवाफदेहीताका क्रियाकलापहरु हुने गरेको, वेभ साइटमा आवश्यक सूचनाहरु राखिएको, सार्वजनिक सरोकारका सूचनाहरु आंशिक रुपमा प्रवाह हुने गरेको ।	सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लैससास परीक्षण नियमित रुपमा गर्नु पर्ने, सार्वजनिक सुनुवाई व्यवस्थित रुपमा संचालन गर्न बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र जस्ता औजारहरु प्रयोग गर्नु पर्ने, वेभ साइटमा अझ बढी जानकारीमूलक सामग्री राख्नु पर्ने ।	समाजिक जवाफदेहीका औजारहरु प्रयोग गरी गाउँपालिकाले गरेका सेवा प्रवाहको गुणस्तर मापन गरी देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै लान सकेमा सेवा प्रवाहको गुणस्तरमा बृद्धि हुने ।	सबै विषयगत शाखा स्थापना भै नसकेका साथै जनशक्तिको अभावले सार्वजनिक जवाफदेहीताका क्रियाकपालपहरु भन्दा अन्य कार्यमा प्राथमिकता दिने प्रबृत्ति बढेको ।

११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

सूचक	पूर्णाङ्क/ प्राप्ताङ्क	अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप	मुख्य जिम्मेवारी			समयावधि	थप आर्थिक दायित्व व्यहोर्ने वा नपर्ने (व्यहोर्न पर्ने भए कुन शीर्षकबाट हो ? खुलाउने)	
			पहल कर्ता	निर्णय कर्ता	कार्यान्वयन कर्ता		पर्ने	नपर्ने
१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण	७/१.५	गापाले तर्जुमा गर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति, रणनीति आदी तर्जुमा गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको सहभागिता सुनिश्चित गर्दै यस्ता कानून तर्जुमा गर्दा उनीहरुको सुझाव अनिवार्य रुपमा लिने र स्वीकृत कानूनहरुका बारेमा सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने नीतिगत व्यवस्था गर्ने ।	अध्यक्ष	कार्य पालिका	प्रमुख प्रशासकीय अधिकृत	०७७ असार मसान्त		नपर्ने
		लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको सुझाव लिई गाउँपालिकाले लैससास नीति र लक्षित वर्ग बजेट तर्जुमा तथा कार्यान्वयन कार्यविधि तर्जुमा गर्ने ।	उपाध्यक्ष	कार्य पालिका	प्रमुख प्रशासकीय अधिकृत	०७७ भाद्र मसान्त	३००००० गापा आन्तरिक श्रोत	
२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा	७/३	आवधिक योजना अनुरुप वार्षिक योजना तर्जुमा गर्ने तथा आगामी आ.व. देखि लैंगिक उत्तरदायी बजेट तर्जुमा कार्यको शुरुवात गर्ने नीतिगत व्यवस्था गर्ने ।	अध्यक्ष	कार्यपालिका	प्रमुख प्रशासकीय अधिकृत		०७७ जेष्ठ मसान्त	

सूचक	पूर्णाङ्क/ प्राप्ताङ्क	अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप	मुख्य जिम्मेवारी			समयावधि	थप आर्थिक दायित्व व्यहोर्ने वा नपर्ने (व्यहोर्न पर्ने भए कुन शीर्षकबाट हो ? खुलाउने)	
			पहल कर्ता	निर्णय कर्ता	कार्यान्वयन कर्ता		पर्ने	नपर्ने
३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन	७/४.५	लैससास सम्बन्धी सूचकहरु तयार गरी अनुगमन गर्ने साथै अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गरी छलफल कार्यको सुरुवात गर्ने ।	उपाध्यक्ष	कार्य पालिका	योजना शाखा	०७७ असार मसान्त		नपर्ने
४.आन्तरिक संरचना	७/३	टोल विकास संस्था तथा समुदायिमा आधारित संसथा वा समितिहरु दर्ता सम्बन्धी कार्यविधि तर्जूमा गरी ती समूहरु दर्ता वा सुचिकृत गर्ने व्यवस्था गर्ने ।	उपाध्यक्ष	कार्य पालिका	सामाजिक विकास शाखा, योजना सल्लाहाकार	०७७ असोज मसान्त	१००००० वित्तीय समानिकरण अनुदानबाट	
		सार्वजनिक सरोकारका सूचनाहरु जस्तै बालबालिका हराएमा वा भेटिएमा, लैंगिक हिंसा घटेमा जस्ता विषयमा उजूरी गर्ने टोल फ्रि नम्बरका बारेमा स्थानीय संचारका माध्यमबाट प्रचार प्रसार गर्ने	सूचना प्रविधि अधिकृत	प्रमुख प्रशासकीय अधिकृत	सूचना प्रविधि शाखा	०७७ भाद्र मसान्त	५०००० वार्षिक बजेट	
५.क्षमता विकास	७/२.५	स्थानीय सरकारको संस्थागत स्व मूल्याँकन पश्चात बनाइएको क्षमता विकास कार्य योजना कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गर्ने	अध्यक्ष	कार्य पालिका	प्रमुख प्रशासकीय अधिकृत, योजना सल्लाहकार	०७६ चैत्र मसान्त		नलाग्ने
		महिलाहरुका लागि लोक सेवा आयोग तयारी कक्षा संचालन गर्ने	उपाध्यक्ष	गाउँ सभा	सामाजिक विकास शाखा	०७७ मंसिर मसान्त	५००००० वार्षिक बजेट	

सूचक	पूर्णाङ्क/ प्राप्ताङ्क	अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप	मुख्य जिम्मेवारी			समयावधि	थप आर्थिक दायित्व व्यहोर्ने वा नपर्ने (व्यहोर्न पर्ने भए कुन शीर्षकबाट हो ? खुलाउने)	
			पहल कर्ता	निर्णय कर्ता	कार्यान्वयन कर्ता		पर्ने	नपर्ने
६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता	७/३	आगामी आ.व. मा महिला विरुद्ध हुने सबैखाले हिँसा निर्मूल गर्ने कार्यक्रम र बजेट व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्ने ।	उपाध्यक्ष	कार्य पालिका	सामाजिक विकास शाखा	०७७ पौष मसान्त	३००००० वार्षिक बजेट	
		गाउँपालिकाभित्र देखिएका जातीय विभेद तथा छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृति र आर्थिक कुरीति र अभ्यास हटाउने अभियान वडा कार्यालयहरु मार्फत शुरुवात गर्ने ।	उपाध्यक्ष	कार्यपालिका	सामाजिक विकास शाखा	०७७ चैत्र मसान्त	३००००० वार्षिक बजेट	
७ सेवा प्रवाह र सस्थागत सस्कृति	७/३	आगामी आ.व. मा घरदैलोबाट सेवा प्रवाह गर्न जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा २ ठाउँमा घुम्ती शिविरको आयोजना गर्ने	अध्यक्ष	कार्यपालिका	सबै शाखाहरु	०७७ माघ मसान्त	४००००० वार्षिक बजेट	
		बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत प्रथा, घरेलु हिँसा उन्मुलनका लागि अभियान तथा चेतनामूलक कार्यक्रम आयोजना गर्ने ।	उपाध्यक्ष	कार्यपालिका	सामाजिक विकास शाखा	०७७ माघ मसान्त	३००००० वार्षिक बजेट	
८. सुशासन	७/३	सार्वजनिक सुनुवाई कार्यविधि तर्जुमा गरी चालू आ.व.को तेस्रो चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने	अध्यक्ष	कार्यपालिका	योजना शाखा, योजना सल्लाहकार	०७७ असार मसान्त	१००००० वार्षिक बजेट	
		नियमित रुपमा वेभ साइट अद्यावधिक गर्ने	प्रमुख प्रशासकीय अधिकृत	प्रमुख प्रशासकीय अधिकृत	सूचना प्रविधि अधिकृत	निरन्तर		नलाग्ने

१२. निष्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि (नमूना) तथा यसका सूचक अनुसार गरिएको मूल्याँकनमा यस गाउँपालिकाको समग्र अवस्था कमजोर नै रहेको पाइयो । तथापी लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह (लक्षित समूह) को आर्थिक तथा समाजिक हैसियत बढाउने केही कार्यहरु भएका छन् । लक्षित समूहको खण्डिकृत तथ्याँक अद्यावधिक भई सोही आधारमा कार्यक्रमहरु संचालन भएका छन् भने योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा उनीहरुको आंशिक सहभागिता छ । न्यायिक समिति तथा मेलमिलाप केन्द्रमा तोकिए बमोजिम लक्षित वर्गको प्रनिधित्व रहेको छ साथै समिति र केन्द्रहरुको कार्य सम्पादन सन्तोषजनक नै पाइयो । यसैगरी क्षमता विकासका क्रियाकलापहरुमा पनि लक्षित वर्गको आंशिक रुपमा प्रतिनिधित्व रहनुका साथै महिला हिँसा न्यूनिकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन भएका छन् । गापा कार्यालय तथा वडा कार्यालयहरुमा सेवाग्राहीको लागि विश्रामस्थल, शौचालय तथा पिउने पानीको व्यवस्था छ । सार्वजनिक परीक्षण हुनुका साथै अन्तर स्थानीय तहगत समन्वय तर्फ कार्य अगाडी बढी रहेको छ ।

सुधार गर्नु पर्ने अवस्थामा विशेष गरी कानून तर्जुमामा क्रममा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह (लक्षित समूह) बाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको सहभागिता तथा लागू भएका कानूनका बारेमा अभिमुखीकरणका गतिविधिहरु न्यून रहेको पाइयो । यसैगरी लैससास नीतिको अभावका साथै लक्षित समूहका वर्गहरुका लागि विशेष नीति तथा कार्यक्रमको अभावमा यी वर्गहरुको हक हीतका लागि ज्यादै न्यूनमात्र योजना तथा कार्यक्रम संचालन भएको पाइयो । योजना तर्जुमा, अनुगमन तथा मुल्याँकनमा लक्षित वर्गको न्यून सहभागिताका कारण उनीहरुले राज्यबाट पाउने सेवा सुविधा ताकिएको मात्रामा नपाएको अनुभूति गरेको देखियो । विभिन्न सार्वजनिक सरोकारका सूचनाहरु जस्तै बालबालिका हराएमा वा भेटिएमा, महिला हिंसाका घटना घटेमा उजूरी गर्नु पर्ने टोल फ्रि नम्बरका बारेमा पर्याप्त प्रचार प्रसार भएको पाइएन । लैंगिक हिँसा न्यूनिकरणमा पर्याप्त कार्यक्रम नभएको साथै अपांग मैत्री कार्यालय नभएको पाइयो । पारदर्शीताका विभिन्न औजारहरु जस्तै सार्वजनिक सुनुवाई गर्दा नागरिक बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्रको प्रयोग नभएको पाइयो भने अन्तर स्थानीय तह, स्थानीय तह र प्रदेश तथा संघीय सरकारबीच पर्याप्त समन्वयको अभाव देखियो ।

१३. सुझाव

स्थानीय सरकारको चुनाव भई लगभग ३ वर्ष देखि जनप्रतिनिधिहरुले शासन सम्हालिरहेको हालको अवस्थामा गरिएको यस मापनबाट प्राप्त नतिजालाई मनन गर्ने हो भने स्थानीय सरकारबाट लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहका पक्षमा सन्तोषजन कार्य हुन सकेको देखिएन । यसो हुनुमा संविधान प्रदत्त अधिकारप्राप्त स्थानीय सरकारले सामाजिक क्षेत्रमा गर्नु पर्ने प्रमुख कार्यहरु स्वयंले गर्नु पर्ने प्रावधान भएकामा ऐन, कार्यविधि, निर्देशिका र ठोस कार्य योजनाको अभावमा

यी क्षेत्रमा पर्याप्त काम हुन नसकेको अवस्था हो भन्ने अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ कानूनले तोकेका क्षेत्राधिकार भित्रका कार्यहरु गर्नु भन्दा सघीय तथा प्रदेश ऐनले बाध्य पारेका कार्यहरु गर्ने तर्फ मात्र प्राथमिकता दिने प्रवृत्तिले गर्दा यो विषय ओझेलमा परेको भन्न सकिन्छ। यसर्थ यसको निराकरणका लागि निम्न बमोजिमका कार्यहरु गर्नु उपयुर्क्त देखिन्छ :

- जनप्रतिनिधि तथा कर्मचारीहरुबीच लैससासको मर्म, भावना र महत्वबारे समान बुझाई ल्याउन अभिमुखीकरण कार्यक्रम आयोजना गर्नु पर्ने ।
- संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएका अधिकार प्रयोग गरी लक्षित वर्गको आर्थिक, सामाजिक, सांस्कृति र राजनैतिकस्तर बृद्धि हुने खालका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने ।
- यसका साथै लैससार नीति तथा लक्षित वर्ग केन्द्रीत जस्तै अपांग, बालबालिका, महिला, जेष्ठ नागरिक आदीका लागि योजना तथा कार्यक्रम संचालन सम्बन्धी कार्यविधिहरुको तर्जुमा तथा कार्यान्वयन ।
- लैससास विकास कार्य योजनाको पूर्ण कार्यान्वयन ।
- संगठन संरचनामा कानून बमोजिम समानुपातिक प्रतिनिधित्वको सुचिश्चिता ।
- पारदर्शीताका औजारहरुको अधिकतम प्रयोगका साथै नागरिक बखरदारीलाई ममन गर्नु पर्ने ।

अनुसूची १

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचक
(अध्यक्षज्यूबाट प्रमाणिकरण भै सकेको)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचकहरुको मूल्याँकन

२०७६ फाल्गुण ७ गते

तादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

खरानीटार, नुवाकोट

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु

(GESI Audit)

नोट : ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
१	कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	७	१.५		
क	गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ?	० - १	०.५	निर्णय पुस्तिका, अन्तरवार्ता	
ख	कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ?	० - १	०		
ग	हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ?	० - १	०.५	प्रमुख व्यक्तिहरुसँगको अन्तरवार्ता	
घ	स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ?	० - १	०.५	वेभसाइट, वडा कार्यालयहरुको दस्तावेज	
ङ	गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ?	० - १	०		
च	महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु)	० - १	०		
छ	गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद / दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ?	०–१	०		

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
२	**लैससास विश्लेषणमा आधारित योजना तर्जुमा**	७	३		
क	आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ?	०–१	०.५	आवधिक योजना दस्तावेज	
ख	आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	आवधिक योजना दस्तावेज	
ग	आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ?	०–१	०		
घ	वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ?	०–१	०		
ङ	बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ?	०–१	१	योजना तर्जुमा माइन्युट	
च	बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ?	०–१	०.५	वार्षिक कार्यक्रम पुस्तिका	
छ	बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ?	०–१	०.५	वार्षिक कार्यक्रम पुस्तिका	
३	**योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन**	७	४.५		
क	उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ?	०–१	१	उपभोक्ता समिति गठन माइन्युट	
ख	उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ?	०–१	१	उपभोक्ता समिति गठन माइन्युट	

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
ग	उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ?	०–१	०.५	उपभोक्ता समिति गठन माइन्युट	
घ	योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ?	०–१	०		
ङ	गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ?	०–१	१	गत आ.व. को आर्थिक विवरण	
च	सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ?	०–१	०.५	संचालित कार्यक्रमहरुको विवरण, अन्तरवार्ता	
छ	नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम/योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ?	०–१	०.५	छलफल, अन्तरवार्ता	
४	**आन्तरिक संरचना**	७	३		
क	गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ?	०–१	०.५	समिति तथा मेलमिलाप केन्द्र गठन सम्बन्धी निर्णय	
ख	न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ?	०–१	१	न्यायिक समितिको माइन्युट	
ग	गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ?	०–१	०.५	समितिहरुको माइन्युट	
घ	सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ?	०–१	०.५		

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
ङ	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	वार्षिक कार्यक्रम पुस्तिका	
च	बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ?	०–१	०		
छ	गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता/सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ?	०–१	०		
५	**क्षमता विकास**	**७**	**२.५**		
क	गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ?	०–१	०.५	स्वमुल्याँकन माइन्युट, कार्य योजना	
ख	गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ?	०–१	१	क्षमता विकास कार्यक्रम संचालनको माइन्युट	
ग	गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ?	०–१	०.५	कार्यक्रम संचालनको माइन्युट	
घ	तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक	०–१	०		

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
	तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ?				
ङ	गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ?	०–१	०.५	तालिमको विषयवस्तुको अध्ययन	
च	गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ?	०–१	०		
छ	लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ?	०–१	०		
६	**नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता**	**७**	**३**		
क.	महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ?	०–१	०.५	अध्यावधिक तथ्याँक विवरण अध्ययन	
ख.	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवाला हरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ?	०–१	०.५	संचालित कार्यक्रमहरुको विवरण अध्ययन	
ग.	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ?	०–१	०.५	वार्षिक योजना पुस्तिका	

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
घ.	महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ?	०–१	०.५	संचालित कार्यक्रमको खर्च विवरण अध्ययन	
ङ	महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ?	०–१	०.५	संचालित कार्यक्रमको खर्च विवरण अध्ययन	
च	संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ?	०–१	०.५	संचालित कार्यक्रमको खर्च विवरण अध्ययन	
छ	समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ?	०–१	०		
७	**सेवा प्रवाह र संस्थागत संस्कृति**	**७**	**३**		
क	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ?	०–१	०.५	अध्यावधिक तथ्याँक विवरण अध्ययन	
ख	गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ?	०–१	०.५	घुम्ति शिवरी संचालन सम्बन्धी विवरण अध्ययन	
ग	बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ?	०–१	०.५	स्थलगत निरीक्षण, जसमा खानेपानी व्यवस्था भएको, शौचालय, चौतारी, पार्क निर्माण भएको	
घ	महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ?	०–१	०		
ङ	राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ?	०–१	०.५	कार्यक्रम संचालनको खर्च विवरण अध्ययन	

क्र.स.	सूचक र उप-सूचकहरू	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
च	महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	सरोकारवालाहरुसँगको अन्तरवर्ता छलफल	
छ	गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ?	०–१	०.५	सरोकारवालाहरुसँगको अन्तरवर्ता छलफल	
८	**सुशासन**	७	३		
क	स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ?	०–१	०.५	सार्वजनिक परीक्षण प्रतिवेदन तथा नागरिक वडापत्र अध्ययन	
ख	सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	सार्वजनिक परीक्षण प्रतिवेदन अध्ययन	
ग	गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ?	०–१	०		
घ	Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ?	०–१	०.५	वेभ साइट अध्ययन	
ङ	सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	सरोकारवालाहरुसँगको अन्तरवार्ता	
च	लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ?	०–१	०.५	संचालित कार्यक्रमहरुको अध्ययन	
छ	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ?	०–१	०.५	सरोकारवालाहरुसँगको छलफल	

अनुसूची २

लैंगिक परक्षिण कार्यक्रमका केही झलकहरु

लक्षित समूह छलफलका सहभागीहरु

कार्यदल बैठक तथा सूचकहरुको स्वमापन

अध्यक्षज्यूबाट स्वमापन नतिजा प्रमाणिकरण हुँदै

सहभागी नामावली

Page No.:
Date :

आज मिति २०६६ फाल्गुण ६ गते तादी गा.वि.स. का अध्यक्ष श्री नारायणप्रसाद पाण्डेज्यूको अध्यक्षतामा तादी गाउँपालिकाको वैडिङ्ग समाना तथा सामाजिक समावेशीकरण कार्ड परीक्षण कार्य निम्न बमोजिम सहभागीहरूको उपस्थितिमा सम्पन्न भयो:

उपस्थिति:

(१) नारायण प्रसाद पाण्डे, अध्यक्ष
(२) ईश्वरी उप्रेती, उपाध्यक्ष
(३) दीपक दाहाल, प्रमुख प्रशासकीय अधिकृत
(४) नकुल घोडे तामाङ, वडा अध्यक्ष वडा नं. १
(५) बच्चुराम तामाङ, " " " २
(६) मनोज कुमार उप्रेती " " " ३
(७) मुक बहादुर श्रेष्ठ " " " ४
(८) विष्णु प्रसाद अधिकारी " " " ५
(९) केशव थापा " " " ६
(१०) सम्झना तामाङ कार्यपालिका सदस्य
(११) यशोदा कडेल " "
(१२) विमला वि.क. " "
(१३) अलेंची थापा कडेल " "
(१४) सावित्रा बराम " "
(१५) दिपक परियार " "
(१६) पंकज अधिकारी योजना सल्लाहकार
(१७) सुरक्षा सुवेदी इञ्जि.
(१८) सीता रेग्मी कानुनी सल्लाहकार
(१९) पुरुषोत्तम बाँस यू.पी.आर तादी गा.पा.

Page No.:
Date :

२१.) रविता ~~अधिकारी~~ रीमाल पाञ्जिकरण शाखा
२२.) सावित्रा खनाल रोजगार संयोजक
२३.) सुप्रिया खनाल कृषि प्राविधिक
२४.) गणेश ~~बोहोरा~~ क्षेत्री योजना शाखा
२५) दीपेश भण्डारी लेखापाल
२६) शर्मिला थापा कम्प्युटर अपरेटर
२७) राजेश श्रेष्ठ स.क. अ

छलफल तथा निर्णय:

(१) योजना सल्लाहकार श्री एकत्र अधिकारीबाट प्रस्तुत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को अवधारणा, महत्व तथा परीक्षण बारेमा जानकारी भ

(२) लैंससास परीक्षण कार्यदलले गापन गरेका सूच दलले र प्राप्ताङ्कका बारेमा प्रस्तुती भयो। प्राप्ताङ्क उपर छलफल गर्दा कार्यदलले तयार गरेको गापन बमोजिम नै कायम राख्ने उल्लेखित बमोजिमको कार्य योजना तयार गरी पेश गर्ने निर्देशन दिने निर्णय गरियो।

(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका अन्य प्रक्रियाहरु समेत पूरा गरी प्रतिवेदन तयार गर्ने कार्यदललाई निर्देशन दिने निर्णय गरियो।